# <u>साझेदारी कबुलियतनामा</u>

लिखितम् हामी तपसीलमा लेखिए वमोजिमको नाम, थर र वतन भएका व्यक्ति एक आपसमा मिली वाणिज्य सम्वन्धी व्यवसाय गर्नका लागि देहायका शर्त र बन्देजको आधारमा रही साझेदारी ऐन, २०२० अनुसारको साझेदारी फर्म संचालन गर्न हामी साझेदारहरुको एक आपसमा सर सल्लाह मिलेकोले तपसीलमा लेखिएका शर्तहरु उपर समेत मञ्जुरी भई साक्षीको रोहवरमा लेखात्मक तथा रेखात्मक सहीछाप गरी यो सम्झौता पत्र लेखी नेपाल सरकार वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढीमा चढाएका छौँ ।

**१. फर्मको नामः**

**२. फर्मको ठेगानाः**

**३. साझेदारहरुको नाम, थर र ठेगाना (तीनपुस्ते)**

क बाजेको नाम :
बावुको नाम :
साझेदारको नाम :
ना. प्र. नं. :
जारी मिति :
ठेगाना : साबिक :-
हाल :

ख बाजेको नाम :
बावुको नाम :
साझेदारको नाम :
ना. प्र. नं. :
जारी मिति :
ठेगाना : साबिक :-
हाल :

ग बाजेको नाम :
बावुको नाम :
साझेदारको नाम :
ना.प्र. नं. :
जारी मिति :
ठेगाना : साबिक :-
हाल :

**४. फर्मको किसिम** : साझेदारी ऐन, २०२० र पछि हुने संशोधन सहितको अधिनमा रही कार्य गर्ने एक साझेदारी फर्म हुनेछ ।

**५. फर्मको उद्देश्य र कारोवार** : फर्मको उद्देश्य :– ~~स्थानीय, भारत तथा समुन्द्रपार आयात, निर्यात~~ रहनेछ । नेपाल सरकारको नीति नियम भित्र रही फर्मको कारोवार ~~फर्मले गर्ने कारोवार लेख्ने~~ खरीद बिक्री गर्ने रहेको छ ।

**६. पुंजीको व्यवस्था** :– यस फर्ममा ......~~साझेदारको नाम लेख्ने~~......ले ~~रु.५०,००,०००।– (पचास लाख मात्र) ५० प्रतिशत~~ र..........................................ले ~~रु.५०,००,०००।– (पचास लाख मात्र) ५० प्रतिशत पूँजी~~ लगानी गरी फर्मको कुल पुंजी रु. ~~१,००,००,०००।– (एक करोड मात्र)~~ मा दर्ता गर्ने र सोही आधारमा कारोवार संचालन गर्ने ।

**७. हिस्साको अंक र दायित्व** : यस फर्मका साझेदारहरुले दफा ६ वमोजिमको पुंजी लगानी गरेको हुंदा हिस्साको अंक र फर्म प्रतिको दायित्व निजहरुले लगानी गरे अनुसार हुनेछ ।

**८. फर्मको प्रतिनिधित्व** : फर्मको प्रतिनिधित्व साझेदारहरुको आपसी सल्लाह अनुसार गरिनेछ ।

९. **बैंक खाता संचालन** : यस फर्मको कारोवारको सिलसिलामा यस फर्मको बैंकमा खाता खोली सञ्चालन गर्न आवश्यक **........**जना साझेदारहरुको आपसी सहमतिमा स्वदेशी बैंकमा खाता खोली सञ्चालन हुनेछ । आवश्यकता अनुसार साझेदारहरुले आपसी निर्णय गरी बैंकबाट ऋण लिन सक्नेछ ।

१०. **श्रेस्ता राख्ने** : यस फर्मको हिसाव किताव सवैले हेर्न सकिने गरी ऐन, कानून अनुसार नेपाली भाषामा श्रेस्ता राखिनेछ

११. **लेखापरीक्षण** : प्रत्येक आ.व. पूरा भएको ३५ दिन भित्र स्वीकृत प्राप्त लेखा परीक्षकद्वारा लेखा परीक्षण गराइने छ । लेखा परीक्षणवाट देखिन आएको नाफा नोक्सानी रकममा समानुपातिक रुपले व्यहोर्नु पर्ने छ ।

१२. **आर्थिक वर्ष** : प्रत्येक श्रावण १ गते देखि सोही आ.व.को आषाढ मसान्त सम्मको अवधिलाई यस फर्मको एक आर्थिक वर्ष मानिनेछ ।

१३. **पारिश्रमिक** : साझेदारहरु मध्ये कुनै एकले यस फर्ममा पूरा समय दिई काम गरेमा आपसी सल्लाह अनुसार उचित पारिश्रमिक दिइने व्यवस्था गरिएको छ ।

१४. **थपघट वा अदलवदल** : यस फर्मको साझेदार, ठेगाना, पुंजी, उद्देश्य, कारोवार  आदि कुराहरुमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढीको स्वीकृति लिई थपघट वा अदलवदल गर्न सकिनेछ ।

१५. **छोडपत्र** : कुनै साझेदारले आफ्नो उचित कारण देखाई साझेदारी छोडी अलग वस्न चाहेमा वांकी साझेदारको मन्जुरी लिई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढीवाट स्वीकृती प्राप्त भएपछि छोडपत्र गर्न सकिनेछ । तर आफुले छोडेका मिति सम्मको श्रेस्तावाट देखिएको हर हिसावमा भने समानुपातिक रुपले व्यहोर्नु पर्ने छ ।

१६. **अन्य व्यवस्था** : यस फर्ममा विदेशी नागरिकलाई समावेश गरी काममा लगाइने छैन ।

१७. सम्पत्ती शुद्धिकरण निवारण ऐन तथा अपराधिक कार्यमा लगानी नियन्त्रण सम्वन्धी कानून वा सो अन्तर्गतका बनेका नियम, निर्देशन आदेश वा सम्बन्धीत निकायको नियमन, निर्देशन र सुपरिवेक्षण पालना गरिनेछ ।

१९. यस सम्झौता पत्रमा लेखिएका कुराहरुको हकमा सोही वमोजिम हुनेछ र यसमा लेख्न छुट भएका कुराहरुको हकमा भने साझेदारी ऐन, २०२० र पछि हुने संशोधन सहितको अधिनमा रही हुनेछ ।

| | | |
|---|---|---|
| क. | ख. | ग. |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| दाया बाया | दाया बाया | दाया बाया |

साक्षीहरु १

२

**<u>वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, धनगढीबाट</u>**

यस साझेदारी कबुलियतमामा उल्लेख भएका कुराहरु यसै कवुलियतनामा कागज बमोजिम पालना गर्नु पर्नेछ तर साझेदारी ऐन २०२० ( हालसम्मको संशोधन समेत ) र प्रचलित ऐन नियम सँग बाझिएका कुराहरुको  हकमा बाझिएको हद सम्म सोही ऐन, नियम बमोजिम लागु हुने गरि यो कबुलियतनामा कागज प्रमाणित गरिएको छ ।

ईति सम्वत् २०८...... साल ........ महिना ......... गते रोज ....शुभम्.......................... ।